दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १४४ | बुटवल | २०८२ जेठ ०७, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday May.21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## लुम्बिनीको वन :
# राजस्व र प्रदेश समृद्धिको मुख्य आधार

**सामुदायिक, साझेदारी र चक्ला गरी तीनथरीका ४ हजार १४६ वटा वनमध्ये १५ सय वटा वनमा मात्रै संवर्द्धन प्रणालीमा आधारित व्यवस्थापन कार्यक्रम विस्तार गर्दा मात्रै वार्षिक ७ अर्ब आम्दानी (राजस्व) लिन सकिने सरोकारवालाको दाबी छ।**

**टिआर शर्मा**
*बुटवल*

कुनै समय 'हरियो वन नेपालको धन' नारा खुबै लोकप्रिय थियो। पछि ओझेलमा परेको यो नारा जस्तै अहिले लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेशको राजस्व वृद्धि र समृद्धिको प्रमुख आधारमा वन क्षेत्रलाई लिइएको छ।

नीति तथा कार्यक्रममा वन स्रोतको दिगो उपयोग गर्ने सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई थप विस्तार गरिने विषय प्राथमिकतामा परेको छ। लुम्बिनीमा करिब ५ लाख हेक्टर वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्न सकिने अवस्था छ।

'वन व्यवस्थापनमा उपभोक्ता समूह तथा सरोकारवालाको सक्रिय सहभागितामा वन पैदावारको उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सृजना गर्दै वन क्षेत्रलाई राजस्व वृद्धि र प्रदेश समृद्धिको प्रमुख आधारको रुपमा उपयोग र व्यवस्थापन गरिनेछ।'–नीति तथा कार्यक्रममा उल्लेख छ।

अहिले प्रदेश राजस्वको प्रमुख स्रोतहरुमा वनबाट प्राप्त कर, यातायात कर र जग्गा रजिष्ट्रेसन कर रहेकामा दिगो र अधिक राजस्वको स्रोत वनको राजस्व नै देखिन्छ। नीति तथा कार्यक्रममा विदेशबाट काठ आयात निरुत्साहित गर्न स्वदेशी काठको माग बढाउन प्रदेशभित्रका सरकारी भवन निर्माणमा स्वदेशी काठको अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने, सरकारी एवम् सार्वजनिक निकायमा स्वदेशमा उत्पादित काठबाट निर्मित फर्निचर प्रयोग गर्न प्राथमिकता दिइने उल्लेख छ।

यस्तै सतिसाल, विजयसाल, श्रीखण्ड, रक्तचन्दन, चाप, महुवा जस्ता वनस्पति र गिद्ध, हुचिल, सालक, पाटेबाघलगायत महत्वपूर्ण एवम् लोपोन्मुख प्रजातिका वन्यजन्तुहरुको संरक्षण एवम् प्रवर्धन कार्यलाई थप प्रभावकारी बनाउदै लगिने र प्रकृति, संस्कृति र पर्यावरणको सन्तुलन कायम गर्न नमूना नक्षत्र बाटिका निर्माण गरिने उल्लेख छ। चुरेक्षेत्रको संरक्षणका लागि स्थानीय तह एवम् वन उपभोक्ता समूहको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिने, वन क्षेत्र न्यून भएका स्थानीय तहमा निजी वन विकास कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

कृषि वन कार्यक्रममार्फत् निजी जग्गामा उच्च मूल्यका काठ, फलफूल एवम् औषधीजन्य विरुवाको वृक्षारोपणसहित आयआर्जनका अवसर सिर्जना हुने व्यवस्था मिलाइने पनि नीति तथा कार्यक्रममा समावेश छ।

यस्तै.काठको गुणस्तरमा सुधार एवम् नरम प्रजातिका काठको प्रयोग बढाउन सिजनिङ उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन, प्लाईउड भेनियर, लोक्ता, तबाँसलगायतका वनजन्य उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आधुनिक सीप तथा प्रविधिको विस्तार गरिने उल्लेख छ।

नदी उकास, खोला किनार, सार्वजनिक बाँझो जग्गामा वृक्षारोपण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने, रुख रोप्न र उत्पादन गर्न निजी क्षेत्रलाई लिजमा जग्गा उपलब्ध गराउने विषयमा सम्भाव्यता अध्ययन गरिनेछ। निजी जग्गाको काठ प्रयोग तथा बिक्री वितरणलाई सहज बनाउन कानुनी एवम् प्रक्रियागत सुधार गरिने नीति तथा कार्यक्रममा समावेश छ।

जंगल क्षेत्रमा रहेका पात पतिङ्गर र स्याउला संकलन गरी प्रांगारिक मल बनाउन विशेष अभियान चलाइने, जलवायु वित्तबाट नेपाललाई प्राप्त हुने लाभको उचित हिस्सा प्राप्त गर्न नेपाल सरकारसँग समन्वय गरिने, 'हरियालीसहितका सडक पूर्वाधार, सहरी सुन्दरताको आधार' नाराका साथ ग्रामीण तथा सहरी सडकमा ग्रिन बेल्टको विकास गरी पर्यटकीय सुन्दरता अभिवृद्धि गर्न वृक्षारोपण कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिने नीति छ।

यस्तै बहुमूल्य जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन र बजारीकरणमार्फत् समुदायको आयआर्जन वृद्धि एवम् जीवनस्तर सुधार गर्ने सरकारको नीति छ।

यसैगरी चुरेक्षेत्रको संरक्षणका लागि स्थानीय तह एवम् वन उपभोक्ता समूहको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिने, चुरे श्रृंखलाको उपल्लो तथा तल्लो तटीय क्षेत्रमा जलाधारको संरक्षण गर्दै तराई र भित्री मधेशका मैदानी भूभाग र चुरेबिचको पर्यायवरणीय सहसम्बन्धलाई जीवन्त बनाउने कार्यक्रम सञ्चालन गरिने र नेपाल सरकारबाट सञ्चालित चुरे क्षेत्र लक्षित कार्यक्रमलाई प्रदेश सरकारको समन्वयमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउन आवश्यक पहल गरिने नीति छ।

एकीकृत जलाधार व्यवस्थापन गरिने, वन्यजन्तुका लागि पिउने पानीको आपूर्ति, आगलागी नियन्त्रण एवम् पुनर्भरणका लागि पहाडी तथा हिमाली जिल्लामा पोखरी र तराईका जिल्लाका सामुदायिक वनमा जलाशय निर्माणको कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिने नीति छ।

मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बासस्थान व्यवस्थापन एवं घाइते तथा असहाय वन्यजन्तु उद्धार केन्द्र स्थापना र व्यवस्थापनमा आवश्यक सहयोग पुराउने तथा चोरी निकासी र वन्यजन्तुको अवैध व्यापार नियन्त्रण गर्न प्रविधिको अधिकतम प्रयोग गरिने पनि उल्लेख छ।

यस्तै वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण प्रक्रियालाई सरल र सहज बनाई घरदैलोमै राहत उपलब्ध गराउने र वन्यजन्तुबाट हुने क्षतिबाट प्रभावितका लागि बिमा कार्यक्रम विस्तार गरिने नीति तथा कार्यक्रममा समावेश छ।

लुम्बिनीमा कूल प्रदेशको भूगोलको ४३.७२ प्रतिशत अर्थात् ९ लाख ७४ हजार ३८१ हेक्टर वन क्षेत्र रहेको छ। लुम्बिनीमा सामुदायिक, साझेदारी र चक्ला वन गरी ४ हजार १४६ वटा वन छन्। ती मध्ये अहिले ३४६ वटा वनमा मात्र संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम लागू हुँदा वार्षिक करिब २ अर्ब राजस्व संकलन भएको छ।

हाल सात प्रदेशमध्ये लुम्बिनी प्रदेश संवर्द्धन प्रणालीमा वन व्यवस्थापन कार्यक्रम सफलरुपमा लागू भएको अग्रणी प्रदेश भएको र यसबाट उल्लेख्य राजस्व संकलन भएकाले नै सरकारले प्रदेशको राजस्व वृद्धि र समृद्धिको प्रमुख आधारमा वन क्षेत्रलाई लिएको वन तथा



वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईले बताए।

'सरकारले वन क्षेत्रलाई राजस्व संकलन र प्रदेशको समृद्धिको प्रमुख आधार किटान गरेरै नीति तथा कार्यक्रम ल्याएको छ, अब बजेट पनि सोही अनुसार आउने हो भने वन क्षेत्रबाट प्रशस्त आम्दानी लिन र हजारौं रोजगारी सिर्जना गर्न सकिन्छ,'–सचिव भट्टराईले भने–'पछिल्लो राष्ट्रिय तथ्यांकअनुसार वन क्षेत्रबाट वार्षिक ३५ अर्ब बढी आम्दानी दिन सकिने देखिएको थियो, तर संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन धेरै वनमा लागू गर्ने हो भने यो भन्दा धेरै आम्दानी लिन सकिन्छ।'

सचिव भट्टराईका अनुसार संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन र वनबाट प्राप्त गर्ने राजस्वमा लुम्बिनी प्रदेश अग्रणी छ।

'प्रदेशका ४ हजार १४६ वटा वनमध्ये ३४६ वटामा मात्रै संवर्द्धन प्रणालीमा आधारित व्यवस्थापन कार्यक्रम लागू भइरहंदा करिब २ अर्ब राजस्व संकलन भएको छ,' भट्टराईले भने–'१५ सय वनमा यो कार्यक्रम लागू गर्ने हो भने वार्षिक ७ अर्ब राजस्व आम्दानी हुन्छ, जसको ५ अर्ब समुदायमा जान्छ, २ अर्ब प्रदेश सरकारको खुद आम्दानी हुन सक्छ।'

सचिव भट्टराईले संवर्द्धन प्रणालीको व्यवस्थापन कार्यक्रमबारे केही भ्रम र बुझाईमा कमी रहेकाले तिनलाई चिरेर अघि बढ्दा वन क्षेत्र प्रदेशको राजस्व र समृद्धिको प्रमुख स्रोत हुनेमा दुई मत नरहेको बताए।

नेपाल वन पैदावर उद्योग व्यवसायी महासंघका अध्यक्ष दिनेशराज रेग्मीले लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रममा वन क्षेत्रलाई राजस्व र समृद्धिको प्रमुख आधार मानेर संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई विस्तार गर्ने विषय प्राथमिकतामा पर्नु सकारात्मक रहेको जनाए।

'हाम्रा वनमा स्वदेशमा खपत गरेर विदेश आयात गर्न पुग्ने काठ छ,त्यो पनि उमेर पुगेका बुढा र पुराना रुखहरू छन्, तर तिनको सदुपयोग छैन,' रेग्मी भन्छन्–'चालु वर्षको साउनदेखि चैतसम्म मात्रै नेपालमा ५ अर्ब बढीको काठ तथा काठजन्य वस्तु विदेशबाट आयात भएको सरकारी तथ्यांक छ, यसलाई बदल्न संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई व्यापक मात्रामा विस्तार गर्नुको विकल्प छैन।'

नेपाल वन प्राविधिक संघ लुम्बिनीका अध्यक्ष केशर खड्काले आफूहरुको सुझाव अनुसार संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई सरकारले नीति तथा कार्यक्रममा प्राथमिकता दिएको बताए।

'संवर्द्धन प्रणालीमा आधारित व्यवस्थापन कार्यक्रमबाट अथाह आम्दानी र रोजगारीको संभावना छ,' खड्काले भने–'वनमा ८० देखि सय वर्षभन्दा माथिका बुढा रुख राखेर फाइदा छैन, उमेर पुगेका वन पैदावर सबै निकाल्नुपर्छ र नयाँ रुख हुर्काउँदै जानुपर्छ भन्ने वैज्ञानिक तथ्यलाई सरकारले बुझाउन जरुरी छ।' संवर्द्धन प्रणालीले कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न सकिने र कार्बन व्यापारबाट समेत आम्दानी लिन सकिने खड्काले बताए।

वातावरण बचाऊ आन्दोलनका अभियान्ता नारायण सापकोटाले वन क्षेत्रराजस्वका लागि मात्र नभई वातावरण संरक्षण, जलवायू परिवर्तनका असर न्यूनीकरण र पारिस्थितिकीय सन्तुलन कायम राख्न तथा जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनमा पनि महत्वपूर्ण भूमिका खेल्ने बताउँछन्।

## को हुन् राष्ट्र बैंकको १८औं गभर्नर पौडेल ?



बुटवल। नेपाल राष्ट्र बैंकको १८औं गभर्नरका रूपमा प्रा.डा. विश्वनाथ पौडेल नियुक्त भएका छन्। मंगलबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले गभर्नरमा प्रा.डा. पौडेललाई नियुक्त गरेपछि राष्ट्र बैंकमा लामो समयदेखि देखिएको गभर्नर अन्योल सकिएको हो।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेल नेतृत्वको सिफारिस समितिले मंगलबार नै तीन जनाको नाम गभर्नरमा सिफारिस गरेको थियो। पौडेलसहित कामु गभर्नर निलम ढुंगाना र पूर्वसचिव दिनेश भट्टराईको नाम सिफारिस भएको थियो। सिफारिस भएका तीन नाममध्ये पहिलो नम्बरमा रहेका पौडेललाई मन्त्रिपरिषद्ले गभर्नर नियुक्त गरेको हो।

सुस्त अर्थतन्त्रलाई गति प्रदान गर्ने तथा खराब कर्जाको चपेटामा परेको बैंकिङ क्षेत्रलाई सुरक्षित अवतरण गराउनु उनको मुख्य चुनौती हो। समग्र अर्थतन्त्रको इतिहासको ज्ञाताका रूपमा आफ्नो परिचय बनाएका पौडेल अब्बल युवा अर्थशास्त्री हुन्। पौडेल २०७९ को आमनिर्वाचनमा चितवन क्षेत्र नम्बर १ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकालसँग पराजित भएका हुन्।

निर्वाचनमा पराजित भए पनि पुनः अध्यापन पेसामा फर्केका पौडेल नेपाली कांग्रेसको कोटाबाट मंगलबार राष्ट्र बैंकको १८औं गभर्नर नियुक्त भएका हुन्। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष भइसकेका पौडेल पद छाडेर प्रतिनिधिसभा सदस्य निर्वाचनमा भाग लिन गएका थिए।

» बाँकी ३ पेजमा

गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने।
- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं। पशुपंक्षी संरक्षण गरौं,
- सेवा प्रवाहमा रहेको कमी कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने गरौं।
- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।
- फोहोरको उचित व्यवस्थापन गरौं।
-वातावरण जोगाउन वृक्षारोपण गरौं।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने।

राजिव पन्थी — प्रमुख प्रशासकीय अधिकृत
तारा थापा (ढेंगा) — उपाध्यक्ष
सरोज कुमार थापा — अध्यक्ष

गुल्मीदरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गैडाकोट, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

सरावल गाउँपालिकाको अनुरोध

आगलागी हुन नदिन सधैं चनाखो बनौं।

-खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
-सिलिण्डरको रेगुलेटर पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौ।
-ग्यासको गन्ध आए बेवास्ता नगरौ
-सलाई, लाइटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौ। दाउरा बालेर खाना पकाइसकेपछि पानी छ्यापेर आगो राम्ररी निभाऔ।
-विजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं।
-घरवस्ती नजिकै पोखरी, ट्यांकी वा कुनै तरिकाले पानीको जोहो गरी राखौ।
-आगलागी जन्य विपद्बाट बच्न चनाखो बनौ।
-हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी,(बसुप) लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# हिमतालको जोखिम कति ?

राजधानी काठमाडौंमा दुई दिनअघि जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य शीर्षकमा सगरमाथा संवाद नामक अन्तर्राष्ट्रिय सम्मेलन हुँदै गर्दा जेठ १ गते राति कर्णाली पहाडको विकट लिमी उपत्यकाको हिमाली क्षेत्रमा हिमताल फुटेर पहिरो गयो। नाम्खा गाउँपालिका वडा नम्बर ६ को तिलगाउँ पहिरोले विस्थापित छ। मध्यरात गएको पहिरोले कुनै मानवीय क्षति नगरेपनि सिंगो गाउँ जोखिममा परेको छ। १८ घरका ३२ गाउँले यति बेला त्रिपालमुनि बसिरहेका छन्। पहिरोले खानेपानीको समस्या भएको छ। चार सय रोपनीमा सिँचाइ हुने कुलो बगेको छ। लघु जलविद्युत् आयोजना बगेको छ। लेदोसहितको पहिरोका कारण तिल्चुङ खोलामा रहेका ५ वटा काठे पुल बगाएको छ।

गाउँमाथि ५ हजार ३ सय मिटर उचाईमा रहेका दुईवटा हिमताल फुटेपछि पहिरो गएको पाइएको छ। पहिरो र बाढीको अनुभव कहिल्यै नगरेका तिलगाउँवासीका लागि यो पहिलो घटना हो। जलवायु परिवर्तनका कारण नेपाललाई परिरहेको असरबारे विश्व समुदायको ध्यानाकर्षण गराउने उद्देश्यले सरकारले 'सगरमाथा संवाद' कार्यक्रम गरिरहेका बेला हिमाली जिल्ला हुम्लाको विकट गाउँका बासिन्दाले जलवायु परिवर्तनको असरबाट प्रभावित भएका छन्।

जलवायु परिर्वतनको असर विश्व समुदायले व्यहोरिरहेको बेला नेपाल जस्तो मुलुकले झन धेरै व्यहोर्न थालेको छ। विकट हिमाली क्षेत्रका बासिन्दाले झन ठूलो जोखिम व्यहोर्न बाध्य छन्। जलवायु परिवर्तनको असर असमान्य देखिन थालेको छ। गएको वर्ष सोलुखुम्बुमा पहिरो गयो। केही वर्ष यता कहिल्यै वर्षा नहुने मनाङ र मुस्ताङका कतिपय क्षेत्रमा वर्षा हुन थालेको छ। दुई वर्ष अघि मनाङको सदरमुकाममा ठूलो बाढी आएको थियो। मुस्ताङको कागबेनीमा गत वर्ष बाढी र पहिरोले ठूलो क्षति गऱ्यो। हिमाली क्षेत्रमा भएका यी घटनाले आगामी दिनमा जोखिम अझैं धेरै छ भन्ने देखिन्छ। एकातिर जलवायु परिवर्तनको असर धेरै देखिन थालेको छ, अर्कोतिर संकटको सामना गर्ने सार्मथ्य हामीसँग छैन। संकट सामना गर्नका लागि अन्तर्राष्ट्रिय समुदायले दिने साथ र सहयोग पर्याप्त हुन सकिरहेको छैन। जलवायु परिर्वतनको असर र गर्नुपर्ने काम तथा साझेदारीको विषयमा छलफल गर्न सगरमाथा संवाद आयोजना गरेर सरकारले सकारात्मक सुरुवात गरेको छ। सगरमाथा संवादले जलवायु परिवर्तनको असर केवल हिमाल र हिमाली क्षेत्रका बासिन्दाले मात्रै व्यहोर्ने नभई अन्य मुलुकलाई पनि प्रत्यक्ष र परोक्ष प्रभाव पर्ने भएकाले मिलेर काम गर्न नेपालले झक्झकाएको छ।

नेपालमा ३ हजार ६०० भन्दा बढी हिमताल भएको तथ्याङ्क छ। यी हिमतालमध्ये केही हिमताल फुट्दा ठूलो असर गर्ने विज्ञहरुले चेतावनी दिएका छन्। तिब्बतमा हिमताल फुट्दा अघिल्लो वर्ष भोटेकोशीमा बाढी आएर ठूलो क्षति भयो। संभावित जोखिमबाट बच्न हिमतालको अवस्था र त्यसले पुऱ्याउने क्षतिका बारेमा सुक्ष्म अध्ययन गरी क्षति न्यूनीकरणको पहलकदमी हुनुपर्छ। पूर्वसजगताले संभावित क्षति न्यूनीकरण गर्न सकिन्छ, दातृ निकायको साथ र सहयोगमा हिमताल र त्यसले पुऱ्याउने क्षति अध्ययनमा सरकारले ध्यान दिनुपर्छ। पछिल्ला वर्ष भएका केही घटनाले संभावित जोखिम न्यूनीकरणका लागि प्रभावकारी सक्रियताको माग गरेको छ।

# मोदीको राष्ट्रवाद र भावी चुनावी रणनीति



झपेन्द्र जिसी

लोकतान्त्रिक समाजवाद निर्माण गर्नु संविधानको अभीष्ट हो। समाजवादको अर्थ जातीय विभेदको अन्त्य, छोइछिटोको अन्त्य, आर्थिक समानतातिर उन्मुख राज्यका सारा नीति कार्यक्रमहरु। सबैलाई रोजगारीको व्यवस्था हुने थितिको निर्माण। त्यसो भए मात्र समृद्ध नेपाल सुखी नेपाली बन्न बनाउन सकिएला, होइन र ?

१. सर्वप्रथम त आफ्नै देश नेपालबाट राजनीतिको पोयो फुकाऔं। नेपालभित्रका आफूलाई घागडान कुटनीतिज्ञ र असंलग्न परराष्ट्र नीतिका विज्ञ ठान्ने केही इनेगिने बुद्धिजीवि हौं भन्नेले प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीजीलाई पहिल्यैदेखि नै चिढाउँदै आएका छन्। ओलीले मोदीजीको सहमतिविना चुच्चे नक्सा जारी गरे। मोदीजी जस्तो शक्तिशाली नेता तथा प्रधानमन्त्रीलाई ओली जस्ताले जिस्काउनु भनेको कालो अरिंगालको गोलोमा झिंजाले घोंच्नु सरह हो। भारतसितको सम्बन्ध सुमधुर बनाइराख्न प्रधानमन्त्री ओलीको विकल्प खोज्नु नै श्रेयस्कर हुन जान्छ। यी भनाइ यथार्थमा मोदीभक्त र ओली विरोधीहरुको हो। तर मोदीभक्त भनेर उनीहरुलाई कसले लेख्न सकोस्! ओलीले मोदीजीलाई चिढाएकै कारण अहिलेसम्म भारतले नेपालका प्रधानमन्त्रीलाई भ्रमण गर्न निम्ता गरेको छैन भनेर पनि भन्ने गरिन्छ।

चुच्चे नक्सा अर्थात् नेपालको गुमेको नक्सा र भूभाग विश्व समक्ष प्रस्तुत गरेकै कारण हाम्रा प्रधानमन्त्रीजीलाई मोदीले निम्ता नगरेको हो भने त यो गौरव र खुसीको विषय हो। आफ्नो राष्ट्र, आफ्नो भूभागका विषयमा कुरो गर्दा, लेख्दा, नक्सा बनाउँदा विदेशीले बोलाउँदैन् भने यो के को टाउको दुखाई हो? यो त धेरै राम्रो भो, ओलीजीले त धेरै राम्रो काम गर्नुभएको रहेछ। तर नेपालमा रहेका आफूलाई विदेशी कुटनीतिज्ञ ठान्ने, विश्लेषक ठान्नेहरु कस्ता विश्लेषक हुन्, राष्ट्रवादी र देशभक्ति हुन् विदेशी दलाल हुन् अब भने छुट्टयाउनकै लागि निफन्नु पर्ने र फड्क्नु पर्ने भएको छ।

२. यहाँ मानसम्मान पनि कसरी गरिन्छ र कस्तो छ भने भारतीय प्रधानमन्त्रीलाई उनीहरुले खुलंखुल्ला मोदीजी भन्छन् भने नेपालका प्रधानमन्त्री वा आफ्नो प्रधानमन्त्रीलाई ओली मात्र भन्छन् वा मिलेसम्म अपमान सूचक पदावली प्रयोग गर्न खुब मन पराउँछन्। यस्तै विचार दृष्टिकोणले सामाजिक संजाल सजाउन पनि मन पराउँछन्।

३. अहिले कथित राजावादीले सर्पले झैं फण उठाउन खोजेको देखिन्छ। कथित राजावादीको राष्ट्र र जनताको पक्षमा कुनै विचार दृष्टिकोण, कार्यक्रम छैन! केवल हिन्दुत्वको नारा भजाएर मोदी र मोदीका चेला चेपटाले झैं डकार्न पाइएला भन्ने आशाले वितण्डता मच्याउन दुष्प्रयत्न गर्न खोजेको देखिन्छ। तर यो दिवा सपना हो। दिउँसैमा सपना चिहान घाटमा सेलाएका राजा र राजावादीहरुले नदेखे राम्रो होला।

४. यो लेखक कट्टर ओलीभक्त होइन र फेरि कट्टर ओली विरोधी पनि होइन। यो लेखक त बुद्धको संयक् दृष्टिबाट अवलोकन गरेर अघि बढ्न चाहन्छ र बढिरहेको छ।

५. बहुजाति, बहुधर्म बहुभाषा, बुहसंस्कृति भएको हाम्रो जस्तो देशमा भारतमा झैं हिन्दु हिन्दु भनेर १० हात उफ्रनु छैन। त्यसैले नेपालमा एक भाषा, एक धर्मको पक्षधरताको सट्टा सबैको सम्मान र सबैको हित कल्याण र उत्थानका खातिर नेपालको संविधानसभाले हिन्दु धर्मको मात्र पृष्ठपोषण नगरेर धर्म निरपेक्षता कायम गरेको हो।। धर्मकै कुरा गर्ने हो भने बोनपो धर्म/बोन धर्म बौद्ध दर्शन धर्म, बौद्ध लामापन्थ धर्म, मष्ट धर्म, नेपालको पुरानो धर्म हुन्। विश्वकै सबैभन्दा समन्वयकारी र शान्ति पक्षधर बौद्ध धर्म संस्कृति नै देखिन्छ। तैपनि नेपालको संविधानले धर्म निरपेक्षतालाई धर्मको आधार बनाइएको छ।

६. भारत पनि धर्म निरपेक्ष देश हो भनिन्छ। तर त्यहाँ धर्म निरपेक्षता भनिए पनि हिन्दुत्वको आधारमा भोट माग्ने र हिन्दु राज्य शासन लाद्ने काम राज्यले गरेको छ भनेर त्यहाँको अनुसूचित जाति, अल्पसंख्यक जाति, मुस्लिमहरुले गुनासो गरेको सुनिन्छ। कुन धर्म मान्ने वा नमान्ने त्यो जनताको अधिकारको कुरा हो। अमुक धर्मले प्रत्यक्ष वा परोक्ष रुपमा दमन गऱ्यो वा दमन गर्दैछ भन्ने अनुभूत भयो भने ढिलो वा चाँडो जनविद्रोह हुनेछ वा एक खालको विष्फोट हुनेछ। त्यसैले विश्वका कुनै पनि देशमा कुनै पनि शासकले र दलले कुनै पनि धर्मलाई आड बनाएर राज्य सञ्चालन गर्ने वा निर्वाचन जित्ने रणनीति अख्तियार गर्नु भनेको आफ्नै थाप्लामा बन्चरो प्रहार गर्नु सरह हुन जानेछ।

७. बहुजातीय, बहुधार्मिक समाजमा सहिष्णुता सबैभन्दा महत्वपूर्ण गुण हो। सहिष्णुताको अर्थ सहनशीलता होइन। राज्य सहिष्णु हुनुपर्छ र जनतालाई पनि राज्यले प्रशिक्षित गर्न वान्छनीय छ।

८. मोहनदास कर्मचन्द गान्धी अर्थात् महात्मागान्धी हिन्दु र मुस्लिमलाई समन्वय गरेर लैजाने प्रयत्न गर्दै थिए।

९. आफूलाई कट्टर हिन्दु भनी दाबी गर्ने नाथुराम गोड्सेले गान्धीमाथि गोली प्रहरी गरी हत्या गऱ्यो। नाथुराम गोड्सेमा उम्लेको यो चरम संकीर्ण हिन्दुत्व थियो, जसले गान्धीको हत्या गरेरै छाड्यो।

१०. नेपाल पनि २०७२ देखि धर्म निरपेक्ष देश भएको छ। आफ्नो धर्म मान्न मानिसहरु पूर्ण स्वतन्त्र छन्। तर अमुक धर्म नै हुनु पर्छ भनेर दिइने प्रवचनहरु वा दबाबहरु अब मान्य हुन सक्दैनन्।

अब नाथुराम गोड्से जस्तो दम्भी, घमण्डी कोही हुन जरुरी छैन। समन्वय, सहकार्य र सहज पाइला चाल्नेतर्फ लाग्नु आजको कर्तव्य हो।

११. निचोडः

लोकतान्त्रिक समाजवाद निर्माण गर्नु संविधानको अभीष्ट हो। समाजवादको अर्थ जातीय विभेदको अन्त्य, छोइछिटोको अन्त्य, आर्थिक समानतातिर उन्मुख राज्यका सारा नीति कार्यक्रमहरु।

सबैलाई रोजगारीको व्यवस्था हुने थितिको निर्माण। त्यसो भए मात्र समृद्ध नेपाल सुखी नेपाली बन्न बनाउन सकिएला, होइन र ?

यो अभिभारा राज्य र जनता मिलेर मात्र पूरा गर्ने हो। बुझे हुन्छ।

# हड्डीलाई प्राकृतिक रूपमा स्वस्थ राख्न र खँदिलो बनाउन के गर्ने – के नगर्ने ?

हड्डी स्वस्थ हुनको लागि त्यो खँदिलो हुनुपर्छ। हड्डी खँदिलो भएन, त्यो खोक्रो भयो वा त्यसको घनत्व कम भयो भने हड्डी कमजोर हुन्छ, त्यो सजिलै भाँचिने जोखिम बढ्न सक्छ। तर मानिसहरूले शक्ति प्रशिक्षण, आहार विकल्पहरू, तौल व्यवस्थापन, र अन्य रणनीतिहरूको माध्यमबाट हड्डीको घनत्व बढाउन सक्छन्।

बढ्दो उमेरसँगै हड्डीको घनत्व परिवर्तन हुँदै जान्छ। बाल्यकाल, किशोरावस्था, र प्रारम्भिक वयस्क अवस्थामा हड्डीहरूले पोषण र खनिजहरू सजिलै र बढी मात्रामा अवशोषण गर्छन्, जसले हड्डीलाई बलियो बनाउँछ।

मानिस आफ्नो २० को उत्तरार्धमा प्रवेश गर्दा, उनीहरूको हड्डीको घनत्व उच्चतम मात्रामा पुग्छन्। यो भनेको २० वर्षको उत्तरार्धपछि हड्डीको घनत्व त्यसरी सजिलै घनत्व थप वृद्धि हुँदैन, अर्थात् प्राकृतिक रुपमा हड्डी खँदिलो हुने प्रक्रियामा विराम लाग्दै जान्छ।

एउटा निश्चित उमेरसम्म मानिसको हड्डी खँदिलो भएर बस्छ। सानोतिनो आघातले वा ठक्करहरुले त्यसलाई सजिलै असर पुऱ्याउन सक्दैन। तर मानिसको उमेर बढ्दै जाँदा र वृद्ध हुँदै जाँदा हड्डीहरूले आफ्नो घनत्व गुमाउन थाल्छ। विशेष गरी रजोनिवृत्तिपछिको समयमा महिलामा हड्डी मक्किने समस्या (Osteoporosis) को जोखिम बढ्छ। यस अवस्थाले हड्डीहरूलाई अति कमजोर बनाउन सक्छ र ती सजिलै भाँचिन सक्छन्।

त्यसैले हामीले हड्डीको घनत्वलाई बढाउने तथा त्यसलाई स्वस्थ राख्नेबारे ख्याल गर्नु जरुरी छ। केही खास उपायहरु दैनिक जीवनमा लागू गरेर हड्डीको घनत्वलाई प्राकृतिक रूपमा सुधार गर्न सकिन्छ। यहाँ ती केही उपायहरुका बारेमा चर्चा गरिएको छ।

**वजन उठाउने र शक्ति प्रशिक्षण**

अध्ययनहरूले देखाउँछन् कि वजन उठाउने र शक्ति प्रशिक्षणले नयाँ हड्डीको वृद्धि प्रोत्साहन गर्न र वर्तमान हड्डी संरचनालाई कायम राख्न मद्दत गर्न सक्छ।

'हड्डी मक्किने समस्या भएका बिरामीहरूमा हड्डीको घनत्वमा शारीरिक व्यायामको प्रभावकारिता' बारे गरिएको एक अध्ययन अनुसार, वजनको दबाब पर्ने एरोबिक व्यायामले हड्डीको घनत्व गुम्न नदिन मद्दत गर्न सक्छ। त्यसै गरी, शक्ति र प्रतिरोधात्मक व्यायामहरूले मांसपेशी र हड्डीको घनत्व बढाउन सक्छ।

त्यस्ता वजन र शक्ति प्रशिक्षणले हड्डी खनिज घनत्वको वृद्धि, हड्डीको आकारको वृद्धि, हड्डी खिइने वा नष्ट हुने समस्याबाट सुरक्षा, हड्डीको सन्तुलन र समन्वयमा सुधार तथा मांसपेशीको घनत्वमा वृद्धि हुने देखिएको छ।

**हरियो सागसब्जीहरुको सेवन**

सागसब्जीहरूले शरीरलाई स्वस्थ राख्न महत्त्वपूर्ण भिटामिन, खनिज, र फाइबर प्रदान गर्छन्। प्रशोधित खानेकुरा कम भएको सन्तुलित आहार हड्डीको स्वास्थ्यका महत्वपूर्ण हुने गर्छ। हड्डी खँदिलो र स्वस्थ रहनका लागि फलफूल तथा सागसब्जीको नियमित सेवनले निक्कै सहयोग पुग्छ। त्यसबाट प्राप्त हुने विभिन्न पोषणहरु तथा भिटामिन सीले हड्डी स्वास्थ्य सुधार गर्न र हड्डी मक्किने समस्याका विरुद्ध सुरक्षा प्रदान गर्न सक्छ भन्ने पनि अनुसन्धानहरुले देखाएको छ। खासगरी आलु, हरियो वा रातो खुर्सानी, ब्रोकाउली, उमारिएकागेडागुडीहरुको सेवन हड्डीको स्वास्थ्यको लागि फाइदाजनक हुने देखिएको छ। नियमित रुपमा फलफूल र सागसब्जीको सेवन गर्नेको तुलनामा त्यो नगर्नेहरुमा हिपको र्फ्याक्चरको जोखिम बढ्न सक्ने कुरा कतिपय अनुसन्धानहरुले देखाएको ५।

**क्याल्सियम र भिटामीन डीको सेवन**

क्याल्सियम हड्डी स्वास्थ रहनका लागि अत्यावश्यक प्रमुख पोषक तत्व हो। हड्डीहरु दैनिक रुपमा खिइने वा बढ्ने क्रम चलिरहेको हुन्छ। त्यसैले हड्डीलाई स्वस्थ राख्नको लागि हाम्रो खानामा पर्याप्त मात्रामा क्याल्सियम हुनु जरुरी छ।

दूध, चिज, दही, केही हरियो साग, काले साग, बोडी, सार्डिन माछा लगायतका खानेकुराहरुबाट हामीले सजिलै क्याल्सियम प्राप्त गर्न सक्छौं।

त्यसैगरी, हड्डीको स्वास्थ्यको लागि अत्यावश्यक तत्त्वहरुमा भिटामिन डी र के ले पनि पर्दछन्। भिटामिन के २ ले क्याल्सियमको क्षतिलाई कम गर्छ र खनिजहरूलाई हड्डीमा बाँध्न मद्दत गर्छ। हामीले चीज, सोयाबीन लगायतका खानेकुराहरुबाट भिटामीन के २ प्राप्त गर्न सक्छौं। त्यसैगरी भिटामिन डी ले शरीरलाई क्याल्सियम अवशोषण गर्न मद्दत गर्छ। भिटामिन डी को कमी भएका व्यक्तिमा हड्डीको घनत्व गुम्ने र त्यो कमजोर हुने जोखिम उच्च हुन्छ। हामीले भिटामीन प्राकृतिक रुपमा घामबाट प्राप्त गर्न सक्छौं। पर्याप्त भिटामिन डी नहुँदा, हड्डी कमजोर हुने वा मक्किने जस्ता हड्डी रोगको जोखिम बढ्छ। आवश्यक पर्दा चिकित्सकको सहयोगमा भिटामीनको सप्लिमेन्ट मार्फत् पनि भिटामीन डी प्राप्त गर्न सकिन्छ।

**तौलमाथिको नियन्त्रण**

हड्डीको घनत्वका लागि ठीक्कको तौल हुनु महत्त्वपूर्ण कुरा हो। कम वजन भएका व्यक्तिमा हड्डी रोगको जोखिम उच्च हुन्छ। बढी वजन र मोटोपनाले हड्डीमा थप दवाब पार्छ। त्यसैले छिटो तौल घटाउने र तौलमा बारम्बार घटबढ गर्नु हुन्न। किनभने जब व्यक्तिले अचानक तौल घटाउँछ, उनीहरूले हड्डीको घनत्व पनि गुमाउन सक्छन्, तर तौल पुनः बढाउँदा हड्डी घनत्व फर्किँदैन। यसले हड्डीहरू कमजोर बनाउन सक्छ।

**खानपीनमा ध्यान**

अत्यन्त कम क्यालोरीयुक्त आहारले थरिथरिका स्वास्थ्य समस्या निम्त्याउन सक्छ, जसमा हड्डी घनत्व गुम्नु पनि पर्छ। त्यसैले चिकित्सक वा विज्ञको सल्लाह नलिइकन आफ्नो आहारमा परिवर्तन गर्ने वा क्यालोरी सीमित गर्ने काम गर्नु हुँदैन।

सबै प्रकारका आहारहरूमा प्रोटिन, बोसो, भिटामिन र खनिजहरूको सन्तुलनमा रहनुपर्छ ताकि हाम्रो शरीर स्वस्थ्य राख्नका लागि दैनिक रुपमा आपूर्ति हुन सकोस्।

**प्रोटिनको सेवन**

प्रोटिनले हड्डीको स्वास्थ्य र घनत्वमा महत्त्वपूर्ण भूमिका खेल्छ। त्यसैले हाम्रो खानेकुराहरुमा पर्याप्त मात्रामा प्रोटिन हुनु जरुरी छ। कुनै पिन कारणले आफ्नो प्रोटिन सेवनलाई उल्लेखनीय रूपमा परिवर्तन गर्नु अघि चिकित्सकसँग परामर्श गर्नु परंछ।

**ओमेगा–३ फ्याटी एसिडले भरिएका खानेकुरा**

ओमेगा-३ फ्याटी एसिडले हड्डीको घनत्व र समग्र हड्डी स्वास्थ्य कायम राख्न भूमिका खेल्छ। ओमेगा-३ फ्याटी एसिड सालमन माछा, सुक्खा मेवा, आलसको बियाँ, चियाको बीउ, भाङ गेडा, ओखर, सूर्यमुखी फूलको बीउ, पालुङ्गो, दूध-दहीलगायतका खानेकुराहरुमा पाउन सकिन्छ।

**म्याग्नेसियम र जिंक**

क्याल्सियमजस्तै, म्याग्नेसियम र जिंकले पनि हड्डीलाई स्वस्थ राख्न र खँदिलो बनाइराख्ने काम गर्छ। म्याग्नेसियमले भिटामिन डीलाई सक्रिय गर्न तथा क्याल्सियम अवशोषणलाई प्रोत्साहन गर्न सहयोग गर्छ। जिंकले यसले हड्डीको वृद्धिमा सहयोग गर्छ।

दात्यिवबोधबाट

# नेप्से परिसूचक ४९ अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार उच्च अङ्कले बढेको छ। नेप्से परिसूचक ४९ दशमलव ०९ अङ्कले बढेर दुई हजार छ सय ७७ दशमलव ४५ को विन्दुमा कायम भएको हो। यो एक दशमलव ८६ प्रतिशतको वृद्धि हो।

तीन सय १० कम्पनीको एक करोड ६८ लाख ८८ हजार चार सय ५९ कित्ता शेयर ७३ हजार ५४ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ३१ करोड २७ लाख ९० हजार एक सय ९६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ। सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव ४२ प्रतिशतले बढेको छ। बैंकिङ एक दशमलव ९१, विकास बैङ्क दुई दशमलव ९५, वित्त दुई दशमलव ४४, जलविद्युत् दुई दशमलव ४५ र लगानी समूह दुई दशमलव ३३ प्रतिशतले बढेको छ। त्यस्तै, जीवन बिमा एक दशमलव ३२, उत्पादन तथा प्रशोधन एक दशमलव ८९, लघुवित्त एक दशमलव १३, म्युचुअल फन्ड शून्य दशमलव ३३, निर्जीवन बिमा एक दशमलव ७४, व्यापार एक दशमलव ४९ र अन्य समूह शून्य दशमलव ८४ प्रतिशतले बढेको छ।

सिन्धु विकास बैङ्क लिमिटेड र सप्तकोशी डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य तीन दशमलव ०९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै राधी विद्युत् कम्पनी लिमिटेडको रु ४१ करोड ८० लाख बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु सेलेक्ट फन्डको १४ लाख ७२ हजार तीन सय कित्ता खरिदबिक्री भएको छ।

विद्यालयको अनुरोध

–नानी बाबुहरुको शारिरीक मानसीक र आध्यात्मक पक्षहरुको विकासका लागि उपयुक्त वातावरण तयार गर्ने।
– घरमा आएका पाहुनाहरुलाई सत्कार गर्न सिकाउने।
– बिदाको समयमा पनि गृह कार्य साथै घरको काम गर्न सिकाउने।
– नानी बाबुहरुलाई स्वावलम्बन बन्न उत्प्रेरित गर्ने।
– आफुहरु भन्दा सानालाई माया र ठुलालाई आदर गर्न सिकाउने।
– कम्तीमा हप्तामा एकपटक विद्यालयमा जाने वा कक्षा शिक्षकलाई फोनबाट सम्पर्क गरि आफ्ना बाल बच्चाहरुको पढाई बारे बुझ्ने।
– समय समयमा नानी बाबुहरुलाई खेलकुद तथा मनोरञ्जन समेत गराउने।

श्री नारायण प्रसाद मरासिनी
प्राचार्य (प्रधानाध्यापक)

श्याम बहादुर राना
अध्यक्ष
बिद्यालय व्यवस्थापन समिति

श्री देविस्थान माध्यमिक विद्यालय
रेसुङ्गा नगरपालिका–१, तम्घास गुल्मी इस्मा गाउँपालिका–२, तालतुङ्ग, गुल्मी

# समृद्धिको दीक्षान्त समारोह

बुटवल । हेयर डिजाइन तथा सौन्दर्य कलाको क्षेत्रमा विगत ८ वर्षदेखि व्यवसाय गर्दै आएको बुटवलस्थित समृद्धि हेयर ड्रेसिङ सैलुन एण्ड एकेडेमीको दिक्षान्त समारोहअन्तरगत विभिन्न पुरस्कार प्रदानदेखि बम्पर पुरस्कार बिजेता घोषणा समेत गरिएको छ । बुटवलमा एक समारोहका बिचमा एकेडेमीबाट विभिन्न विषयमा आफ्नो तालिम समापन गरेका ३६६ जना प्रशिक्षार्थीहरुलाई दिक्षित गर्नुका साथै ४ जना लाई पुरस्कार वितरण गरिएको छ भने समृद्धि स्कुटर उपहार योजनाको बिजेता लक्की ड्रमार्फत् घोषणा गरिएको हो । यस्तै समृद्धिलाई आइएसओ चिन्ह प्रदान गर्नुका साथै आफ्नै ब्युटि प्रोडक्ट लञ्च समेत गरिएको थियो । हास्य कलाकार सन्दीप क्षेत्रीले कार्यक्रम उद्घाटन गर्दै हेयर ड्रेसिङलाई केवल सीप नभई आत्मनिर्भरता र सम्मानजनक रोजगारीको आधार भएको बताए ।

'शिक्षितसँगै सक्षम बन्ने अवसर यो कार्यक्रमले दिएको छ ।'–उनले भने । कपाल काट्ने मात्र नभई व्यक्तित्व निर्माण गर्ने कलाका रुपमा यो पेशाको पहिचान बनेको भन्दै उनले नयाँ पुस्तामा हेयर स्टाइलको क्रेज बढ्दो रहेको जनाए । कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले निजी क्षेत्रबाट सेवाको माध्यमबाट राम्रो आम्दानी गर्न सकिने क्षेत्र भएको बताउँदै स्वदेशमा नै स्वरोजगार बन्न तथा वैदेशिक रोजगारीमा जाँदा पनि थप आम्दानीको स्रोत बनाउन सकिने बताए ।

ड्याडिज किचनका सञ्चालक युवा उद्यमी कमलजंग कुँवरले स्वदेशमा नै कायापलट गर्नेगरी काम गर्न आग्रह गरे । उनले सिकेको सीपलाई स्वदेशमा नै स्वरोजगारमूलक बनाउन आग्रह गरे । एकेडेमीका सञ्चालक मोहन ठाकुरले विगतमा व्यवसाय शुरुवातको चरणलाई स्मरण गर्दै समाजमा स्थापित हुँदासम्म आएको परिवर्तनका बारेमा बताएका थिए ।

हालसम्म २ करोड बढी लगानी रहेको समृद्धिले देशभर ५० जना बढीलाई प्रत्येक्ष रोजगार प्रदान गर्दै आएको छ । त्यस बाहेक समृद्धि सीप हासिल गरी स्वरोजगार बन्ने र रोजगार प्राप्त गर्नेहरुको संख्या पनि उल्लेख्य रहेको सञ्चालक ठाकुरले दाबी गरे । समृद्धिले हाई पेड जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित बुटवलमा एकेडेमी समेत सञ्चालनमा ल्याएको बताउँदै यसले जनशक्तिलाई आम्दानीमा जोड्न मद्दत पुगेको बताए । एकेडेमीमा एकै पटक ४० जनासम्मलाई सीप प्रदान गर्न मिल्नेगरी संरचनासहित सञ्चालनमा आएको सञ्चालक ठाकुरले बताए ।

कार्यक्रममा नेपाल नाइ संघका अध्यक्ष जय श्याम ठाकुर, सौन्दर्य कला व्यवसायी संघका अध्यक्ष आशु गुरुङ, प्रशिक्षक मेनन लामालगायतले स्वरोजगार पेशाले आम्दानीमा राम्रो प्रभाव पर्ने उल्लेख गरेका थिए । समृद्धिले अब हरेक वर्ष एक जना ग्राहकलाई 'लक्कि-ड्'बाट उपहार स्वरुप ३ लाख बराबरको सुजुकी एभिनर्स स्कुटर ड्राईभरकी मीना जिसिले प्राप्त गरेकी छन् । बुटवलको अमरपथमा मुख्य कार्यालयसहित पोखरा र मणिग्राममा शाखा तथा बर्दघाट र चारनम्बर कपिलवस्तुमा रहेका फ्रेन्चाइज सेवामार्फत् ५ हजार जनामध्येबाट गोलाप्रथाबाट जिसिको नाम निस्केको हो ।

समृद्धिलाई आइएसओ ९००१:२०१५ चिन्ह प्रदान गरिएको छ । दीक्षान्त समारोहमा आइएसओ प्रतिनिधि टिकाराम शर्माले समृद्धि एकेडेमीले निर्धारित मापदण्डअनुसार गुणस्तरीय तालिम प्रदान गरेको पुष्टि गर्दै प्रमाणपत्र हस्तान्तरण गरे । उनले न्यूनतम ५० प्रतिशत पूरा गरेको संस्थालाई दिन सकिने भन्दै समृद्धिले मापदण्ड पूरा गरेसँगै प्रमाणपत्र वितरण गरिएको जानकारी दिए ।

उनले समृद्धिलाई बधाइ दिँदै शतप्रतिशत पूरा गरेर सर्वोत्कृष्ट बन्न आग्रह गरे । समृद्धिको दिक्षान्त समारोहमा पत्रकार पूजा पन्थीसहित चार जना सम्मानित भएका छन् । लुम्बिनी प्रेसका प्रबन्ध सम्पादक तथा दैनिक पत्र दैनिकका डेक्स संवाददाता पन्थी सौन्दर्यकला पत्रकारिता पुरस्कारबाट सम्मानित भएकी हुन् । पन्थीलाई नगद १५ हजार रुपैयाँसहित दोसल्ला र प्रमाणपत्रले सैलुन तथा एकेडेमीका सञ्चालक मोहन ठाकुर, प्रमुख अतिथि ख्यातिप्राप्त हाँस्य कलाकार सन्दीप क्षेत्री, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले सम्मान गरेका हुन् । यस्तै अग्रज सम्मानअन्तरगत पुरानो ब्युटिसियन तथा पुरानो नाइ सम्मान गरिएको थियो । पुरानो ब्युटिसियनबाट देवी श्रेष्ठ र पुरानो नाउबाट छविलाल नाउ ठाकुरलाई नगद १५ / १५ हजार रकमसहित सम्मान गरिएको हो । समृद्धिले यो वर्षदेखि नयाँ कार्यको थालनी स्वरुप उत्कृष्ट कर्मचारी सम्मान कार्य अगाडि बढाएको छ । जसमा उत्कृष्ट कर्मचारीलाई १ लाख राशीको पुरस्कार प्रदान गरिने सञ्चालक ठाकुरले घोषणा गरे । सोही पुरस्कार समृद्धि बुटवल शाखामा कार्यरत देवा ठाकुरलाई प्रदान गरिएको छ । नगद १ लाख रुपैयाँसहितको सम्मानले कर्मचारीहरुले उत्कृष्ठ सेवा प्रदान गर्ने अपेक्षा स्वरुप मनोबल बढाउनको लागि सम्मान गरिएको सञ्चालक ठाकुरले बताए ।

समृद्धिले आफ्नै ब्राण्ड लुभिस्टिनो प्रोफेसनलका हेयर केयर प्रोडक्टहरु लञ्च गरेको छ । दीक्षान्त समारोहमा कपालको स्वास्थ्य, उपचार र सुरक्षा गर्नेगरी निर्माण गरिएको यस प्रोडक्टका विभिन्न ४ प्रकारका उत्पादनहरु रहेका छन् । स्याम्पु, कन्डिस्नर, हेयर ट्रिटमेन्ट मास्क, अर्गन हेयर ओएल रहेका छन् । भिटामिन इ र कोलगेन युक्त रहेको सञ्चालक ठाकुरले दाबी गरे ।

# रकम हिनामिनाको आरोपमा अध्यक्ष निलम्बित

**लोकप्रसाद छन्त्याल**
*गुल्मी (वामिटक्सार)*

नेपाल आदिवासी/जनजाति अल्पसंख्यक छन्त्याल संघ केन्द्रीय संस्थामा रकम हिनामिना गरेको आरोपमा अध्यक्ष निलम्बित भएका छन् । छन्त्याल समुदायको साझा संगठन नेपाल छन्त्याल संघ केन्द्रीय अध्यक्ष मनमोहन बुधाथोकी छन्त्यालले २३, लाख ३३ हजार ६ सय १४ रुपैयाँ नगद हिनामिना गरेको पुष्ठि भएको छ ।

केन्द्रीय पूर्ण बैठकले २३ लाख ३३ हजार ६ सय १४ रुपैयाँ संस्थाको नियम विपरीत हिनामिना गरेको ठहर गर्दै नेपाल छन्त्याल संघका केन्द्रीय अध्यक्ष मनमोहन बुढाथोकी छन्त्याललाई निष्क्रिय गर्दै निलम्बन गरेको छ ।

निलम्बित अध्यक्ष २०७८ मा छन्त्याल राष्ट्रिय अधिवेशनमा प्रतिस्पर्धाबाट बहुमतले निर्वाचित भएका हुन् ।

केन्द्रीय अध्यक्ष निलम्बित भएपछि फागुन १७ गतेको केन्द्रीय पूर्ण बैठकले नेपाल छन्त्याल संघका वरिष्ठ महिला उपाध्यक्ष मनमया भलन्जा छन्त्याललाई सर्वसहमतिले कार्यभार अध्यक्षमा नियुक्त गरेको छ। केन्द्रीय समितिले कार्यभार अध्यक्ष मनमया छन्त्याललाई आउने राष्ट्रिय अधिवेशनसम्म अधिवेशन सम्पन्न गर्न संयोजकमा समेत अख्तियारी दिएको छ । अध्यक्ष तथा वरिष्ठ महिला उपाध्यक्ष मनमयाले केन्द्रिय समितिका पदाधिकारीहरुलाई जानकारी नगरी संस्थागत निर्णय बिना सानो समुदायको साझा संस्थाको रकम आफूखुशी भोग चलान गरी आर्थिक हिनामिना गरे बापत अध्यक्षलाई पूर्ण बैठकले निलम्बन गरेको बताइन् ।

मनमयाले फागुन १७ गते स्पस्टिकरण दिए अनुसार निलम्बित अध्यक्ष मनमोहन दुई महिनाभित्र २३ लाख ३३ हजार ६ सय १४ रुपैयाँ छन्त्याल संघको केन्द्रीय कार्यलय मनमैजुस्थित बुझाउने भनिएता पनि नबुझाएको, पुनः पत्राचार गरी ताकेता गरेको जनाइन् । उनले अपचलन गरेको लाखौं रकम अधिवेशन अगावै नबुझाए अध्यक्षपद सोतह हट्ने संस्थाको विधि विधान अनुरुप प्रक्रियाबद्ध रुपमा अगाडि बढ्ने संस्थागत प्रक्रिया अटेरी भए राज्यको नियम कानुनअनुसार दोषीलाई कारबाही हुने विकल्प नभएको बताएकि छिन् ।

पार्कीसं रोगबाट ग्रसित बिरामी कोषाध्यक्षको मृत्युपछि सह-कोषाध्यक्षलाई संस्थागत जिम्मा नदिइ आफू जिम्मेवारी भएका निलम्बित अध्यक्ष मनमोहन छन्त्यालले २३ लाख ३३ हजार ६ सय १४ रुपैयाँ अपचलन गरेको स्वीकारेका छन् । उनले बिरामी परेका कोषाध्यक्षको मृत्युपश्चात् आफू जिम्मामा आएपछि यस्तो अपचलन भएको स्वीकारेका हुन् । उनले इमान्दारी साथ जातीय संस्था छन्त्याल संघको अपचलन भएको रकम इज्जतको लागि पनि तिर्ने बताएका छन् । यद्यपि यति ठूलो रकम अपचलन भएको भएता पनि अझैं करिब ५ लाख कसले अनिमियतता गरेको छ, पत्ता लागेको छैन । निलम्बित छन्त्याललाई ०७८/०८९ को निर्वाचित पहिलो वर्षमै २ लाख ७५ हजार भ्रष्टाचारको मुद्दा लागेको थियो !! उनलाई निष्क्रिय बनाउँदै वरिष्ठ महिला उपाध्यक्ष कार्यभार अध्यक्षमार्फत् सचिवालयबाट गम्भीर छलफलपछि केही महिनामा उक्त रकम फिर्ता गराई जिल्ला अदालत काठमाडौंमा मुद्दा मेलमिलाप गरी फर्च्युत गरेको समितिले जानकारी दिएको छ । आर्थिक अनियमिततासम्बन्धी नेपाल छन्त्याल संघका संस्थापक अध्यक्ष मनिचन घरब्जा छन्त्यालले चिन्ता गर्दै भने-'युवाहरू जिम्मेवार नभएकोले अध्यक्षले रकम अपचलन गरेको स्वीकार गरेकाले जेल गए पनि संस्थाको पैसा तिर्नुपर्छ, छन्त्याल संघमा केही केही व्यक्तिहरुले यस्तो अपराध गर्ने गरेको पाइन्छ । आफ्नो कार्यकालमा भवन निर्माण गर्दा जिम्मेवार लिएको व्यक्तिले बिलभरपाई नदिएकोले ताकेता गर्दा पनि अटेरी गरेको करिब १ लाख बराबरको भौतिक सामग्री अनिमियतता गरेकोले आफूलाई दुःख लागेको छ ।'

## विद्यालयको अनुरोध

- आफ्ना नानी बाबुहरुले गृह कार्य पुरा गरेको या नगरेकोल हेर्ने किताव कापी कलम पेन्सिल लगायत शैक्षिक सामाग्री छ छैन हेर्ने विद्यालय पोशाक सफा छ छैन हेर्ने ।
- नङ कपाल हात खट्टाको सर सफाई गर्ने ।
- विद्यालय बाट घर फर्के पछि अभिभावक संगै बसि गृहकार्य गराउने ।
- दिनभर विधालयमा भए गरेका गतिविधिहरु सोध्ने ।
- घरमै पहिलो पाठशाला भएकोले असल सस्कारको विकास गराउने ।
- परिवारका सदस्यहरुले आफ्ना नानी बाबुहरुको मनोबल बृद्धि गर्ने खालको कार्य सिकाउने ।

श्री कृष्णप्रसाद मरासिनी
प्राचार्य (प्रधानाध्यापक)

रामप्रसाद पन्थी
(का.वा. अध्यक्ष)
बिद्यालय व्यवस्थापन समिति

**श्री महेन्द्र नमूना माध्यमिक विद्यालय**
रेसुङ्गा नगरपालिका-१, तम्घास गुल्मी

# 'भूमिहीन र सुकुम्बासीका नाममा सरकारी जमिन भूमाफियाको हातमा पुग्ने आशङ्का'

काठमाडौँ । भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२ का केही व्यवस्थाहरुले भूमिहीन र सुकुमबासीका नाममा सरकारी तथा सार्वजनिक जमिन भूमाफिया र बिचौलियाको हातमा पुग्नसक्नेमा सांसदहरुले आशङ्का व्यक्त गरेका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव पेस गरेका थिए ।

उक्त विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा सांसदहरुले जमिनको खण्डीकरण र जथाभावी वितरण मौलाउन सक्ने धारणा राखेका थिए । सांसद अशोक चौधरीले भूमिहीन तथा सुकुमबासीलाई व्यवस्थापन गर्नका लागि यो विधेयक ल्याइएको भनिए पनि विधेयकमा प्रस्तावित विषयहरुले नेपालको आर्थिक सामाजिक अवस्थालाई सम्बोधन गर्न नसक्ने दाबी गरे ।

त्यसैगरी, भूमिहीन तथा सुकुम्बासीका नाममा सामुदायिक वन, सार्वजनिक जमिन तथा संरक्षित क्षेत्रमा समेत अतिक्रमण हुने विगतको खराब अभ्यासलाई रोक्ने प्रत्याभूति कानुनमार्फत् गर्न सक्नुपर्ने उनको भनाइ छ ।

सांसद रोशन कार्कीले भूमिसम्बन्धी विधयेकमा राखिएका केही व्यवस्थाहरुले सरकारको नियतमाथि शङ्का गर्ने प्रशस्त ठाउँ रहेको बताए । सुकुम्बासीका नाममा कार्यकर्तालाई जग्गा बाँड्ने गरेको विगतको कार्यशैली र हदबन्दीभन्दा बढीको जग्गालाई आवासीय तथा व्यावसायिक प्रयोजनका लागि बेचबिखन गर्ने भन्ने विधेयकको व्यवस्थाले शङ्का उब्जाएको उनको भनाइ छ ।

सांसद विमला सुवेदीले भूमिसम्बन्धी विधेयकलाई सरकारले अध्यादेशमार्फत् ल्याउन खोजेको तर विरोध भएपछि त्यसलाई फिर्ता गरेको स्मरण गर्दै अहिले फेरि सरकारले बिचौलियाका स्वार्थमा रहेर यो विधेयक ल्याएको आरोप लगाइन् । सांसद चित्रबहादुर केसीले विधेयकमा राखिएको भूमि बैङ्कको अवधारणाले किसानलाई स्वतन्त्र कृषि गर्ने अधिकार खोस्ने सम्भावना देखिएको बताए ।

सांसद शेरबहादुर कुँवरले सबै दलहरुले भूमिहीन, सुकुम्बासीलाई जग्गा दिने भनेर निर्वाचनका बेला जनतालाई आश्वासन दिने गरेको भए पनि त्यसको प्रत्याभूति भने गर्न नसकेको बताए । सबैको सल्लाहमा विधेयक आउनुपर्नेमा यसअघि अध्यादेशबाट ल्याउन खोज्दा शङ्का बढेको उल्लेख गर्दै उनले आशङ्काकै बीच अध्यादेशमा राखिएका कुनै पनि व्यवस्था संशोधन नगरीकन फेरि विधेयक ल्याइएको जनाए । त्यसैगरी, कुनै पनि नेपाली नागरिक जग्गाविहीन हुन नपर्ने व्यवस्था गरिनुपर्ने उनको भनाइ छ ।

सांसद अब्दुल खानले भूमि नपाएर धेरै नागरिक समस्यामा रहेको उल्लेख गर्दै अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नका लागि यो विधेयक महत्वपूर्ण हुने बताए ।

तराईबाट पहाडमा बस्ती सारेर तराईका कृषियोग्य जमिनमा खेती गरिनुपर्ने नीति ल्याइनुपर्ने पनि उनको सुझाव छ ।

सांसद बासुदेव घिमिरेले निर्वाचनका क्रममा अव्यवस्थित बसोबासी र भूमिहीनलाई जग्गा उपलब्ध गराउने भनेर आश्वासन दिने गरेकामा हालसम्म पनि यो समस्या समाधान हुन नसकेको बताए । यो कानुन चाँडो बनाएर भूमिहीन तथा सुकुम्बासीका समाधानका लागि पहल गर्नुपर्नेमा उनले जोड दिए । सार्वजनिक क्षेत्र, वन, निकुञ्ज अतिक्रमण बढ्छ भनेर अफवाह फैलाइएको आरोप उनको छ ।

त्यस्तै, सांसद मैना कार्कीले संविधानले नै हरेक नागरिकलाई आवासको हक हुने व्यवस्था रहेकाले त्यसको कार्यान्वयनका लागि पनि भूमिसम्बन्धी नयाँ कानुन आवश्यक रहेको बताइन् । सांसद ठाकुर गैरेले हरेक नागरिकको भूमि र आवाससम्बन्धी हकको प्रत्याभूति तथा जमिनको सुरक्षा, भोगचलन र मुलुकको समृद्धिका लागि भूमिको प्रयोगलाई थप व्यवस्थित बनाउन यो विधेयक महत्वपूर्ण रहेको बताए ।

विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा सांसद किरणकुमार साहले भूमि उत्पादनको साधन मात्र नभई जीवनयापन र सामाजिक सुरक्षासँग पनि जोडिएको बताए ।

संवैधानिक व्यवस्थाबमोजिम मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, राज्यका नीतिहरूको कार्यान्वयनका लागि दलित, भूमिहीनलाई जग्गा उपलब्ध गराउनका साथै राज्यमा रहेका अव्यवस्थित बसोबासीलाई कानुनद्वारा नै व्यवस्थित गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो । भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई निजहरूले बसोबास तथा आवाद कमोत गरेको स्थानमा नै व्यवस्था गर्न, जमिनको खण्डीकरणलाई निरुत्साहित गर्न र व्यवस्थित बसोबासलाई प्रोत्साहित गर्नका लागि कानुनी प्रबन्ध गर्न यो विधेयक ल्याइएको सरकारको दाबी छ ।

त्यसैगरी, घरजग्गा व्यवसायीले सरकारको अनुमति लिई खरिद गरेका जग्गा बिक्री गर्न सहजीकरण गर्न साथै सरकारका नाममा रहेका जग्गालाई व्यवस्थित गर्न नियमनको आवश्यकता रहेका कारण पनि नयाँ भूमि ऐन आवश्यक रहेको जनाइएको छ ।

## मेडिकल(इ.सी.एच.एस) कार्ड हराएको सूचना

भारतीय सेना गोरखा राइफल्सबाट सेवावृत्ति भई हाल तिलोत्तमा नगरपालिका-१५ कोटिहवामा बस्ने श्री रामजी शाहीको श्रीमती कमला शाहीको मेडिकल(इ.सी.एच.एस) कार्ड बुटवल पेन्सन क्याम्प फूलबारीदेखि कोटिहवा जाने क्रममा यही मिति २०८२/०२/०२ गते शुक्रबार हराएको हुँदा फेला पार्नुहुने माहानुभावले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन हार्दिक अनुरोध छ ।

**सम्पर्क नम्बर:** ९८६७४६२७३१/९८४७५४३०९१

## को हुन्...

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को आर्थिक सल्लाहकार भइसकेका पौडेल काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टका प्राध्यापक हुन् । पौडेलले अमेरिकाको क्यालिफोर्निया युर्निभर्सिटी बर्कलेबाट कृषि तथा स्रोत अर्थतन्त्रमा विद्यावारिधि गरेका छन् । प्राकृतिक स्रोत, श्रम अर्थशास्त्र तथा आर्थिक इतिहासमा पौडेलको दख्खल छ ।

पौडेलले चीनबाट इञ्जिनियरिङमा स्नातक गरेका छन् । चीनमा इञ्जिनियरिङ अध्ययन गर्ने क्रममा उनी अर्थशास्त्र अध्ययनतर्फ अकर्षित भए । इञ्जिनियरिङ पढ्दा जागेको अर्थशास्त्र अध्ययनको जगमा आज पौडेल राष्ट्र बैंकको गभर्नर बन्न सफल भए ।

यसअघि सानिमा बैंकका सञ्चालक समेत रहेका पौडेलले 'मिलेनियम च्यालेन्ज कर्पोरेसन नेपाल' को कार्यालयमा अर्थशास्त्री तथा राष्ट्रिय योजना आयोगका अपाध्यक्षको सल्लाहकारका रूपमा पनि काम गरिसकेका छन् । उनी युलेन्स स्कुलका बोर्ड अफ ट्रस्टीसमेत रहिसकेका छन् ।

अर्थ मन्त्रालयको वरिष्ठ आर्थिक सल्लाहकार भइसकेका पौडेलले इसिमोडको बोर्ड अफ गभर्नरको अध्यक्ष, कोलम्बोको योजना परिषद् अध्यक्ष र रिजनल इकोनोमिक कर्पोरेसन एन्ड इन्टिग्रेसनको अध्यक्षको जिम्मेवारी पूरा गरिसकेका छन् ।

नेपाल उद्योग परिसंघको प्रमुख आर्थिक सल्लाहकार समेत भएका पौडेल नेपालको विकास प्रक्रियाको विस्तृत बुझाइ भएको व्यक्ति हुन् ।

**रामग्राम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**परासी, नवलपरासी (ब.सु.प.)**
**लुम्बिनी प्रदेश, नेपाल**

## सहुलियत र छुटको फाइदा लिनका लागि नगरबासीहरुमा अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०८२/०२/०७**

स्थानीय सरकार संचालन ऐन,२०७४ र रामग्राम नगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम नगरपालिका भित्र संचालनमा रहेका उद्योग ब्यवसायहरु कानून बमोजिम अनिवार्य रुपमा नगरपालिकामा दर्ता गरी संचालन गर्नु पर्ने प्रावधान भए अनुसार आफ्नो स्वामित्वमा रहेका उद्योग, ब्यवसायहरु नगरपालिकामा दर्ता तथा नवीकरण गराउनु हुन र अन्य करहरु जस्तै सम्पतिकर, भूमिकर, घरजग्गा बहाल कर लगायतका अन्य करहरुमा नगरपालिकाले तपसिल अनुसार दिएको सहुलियत र छुटको फाइदा लिनका लागि सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. २ करोड भन्दा कम चालु पुँजी भएका उद्योगी व्यवसायीहरुले ०८२ असार मसान्त भित्र व्यवसाय कर बुझाएमाः **सबै प्रकारका जरिवाना छुट**, एक पटकका लागि विगत दुई वर्ष र चालु वर्षको कर लिई दर्ता गर्ने ।
२. आय ठेक्का पट्टा, सटर बहाल कर र टोल विकास संस्थाको ऋृण ८२ असार मसान्त भित्र बुझाएमाः **एक पटकको लागि सबै प्रकारका जरिवाना** र ब्याज छुट दिई असुल उपर गर्ने ।
३. एकमुष्ठ ठेक्का कबोल अंक बुझाएमा १० प्रतिशत छुट ।
४. मासिक राजस्व सोही महिनाको ७ दिनभित्र बुझाएमा ५ प्रतिशत छुट ।
५. प्राइभेट फर्म दर्ता कार्यविधि,२०७७ संसोधन उप दफा ६ को (१) बमोजिम कुनै कारणबस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि ब्यतित भएको भएतापति एक पटकका लागि २०८२ अषाढ मसान्त सम्ममा लाग्ने दस्तुरको ७५ प्रतिशत छुट दिई अध्यावधिक नवीकरण गरिने छ ।

**यम बहादुर कुंवर**
**प्रमुख प्रशासकीय अधिकृत**

## गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने गरौं ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- फोहोरको उचित व्यवस्थापन गरौं ।
- वातावरण जोगाउन वृक्षारोपण गरौं ।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

सीता गिरी
उपाध्यक्ष

भुपाल पोखरेल
अध्यक्ष

**धुर्कोट गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

प्रदेशका सांसदको गुनासो

# संघीयता कमजोर बनाउने खेल भयो

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

संघीयता कमजोर बनाउने खेलमा संघीय सरकार लागेको भन्दै प्रदेश सांसदहरुले असन्तुष्ट व्यक्त गर्न थालेका छन् । गण्डकी प्रदेशको अर्थ तथा विकास समिति र लुम्बिनी, बाग्मती प्रदेशका विषयगत समितिहरुको अन्तरप्रदेश छलफलमा सांसदहरुले संघीयता बलियो बनाउन प्रदेशलाई अधिकार दिनुपर्नेमा जोड दिएका छन् । संविधानले प्रदत्त गरेको अधिकारको स्वायत्तता प्रदेशलाई नदिँदा कतै संघीयतालाई कमजोर बनाउन त खोजिएको हैन भन्ने विषयमा तीन प्रदेशका विषयगत समितिहरुले छलफल गरेका थिए ।

गण्डकी प्रदेशसभाअन्तर्गत अर्थ तथा विकास समितिले दुई प्रदेशका विषयगत समितिका सांसदहरुसँग प्रदेश–प्रदेशबिचमा भएगरेका विषयमा छलफल गरेको छ । लुम्बिनी प्रदेश र बाग्मती प्रदेशका विषयगत समितिसँग छुट्टाछुट्टै भेटघाट गरी छलफल गरेको हो । सरकारी काम, शक्ति र जिम्मेवारीलाई जनताको घरदैलोमा पुग्नुपर्छ भन्ने अभ्यास सुरु गरेको नेपालले संघीय राज्य घोषणा गरेको झण्डै १० वर्ष पुगेको छ । संघीयताको बलियो आधार वा जग भनेको प्रदेश नै हो । तीनतहमा सरकारको जिम्मेवारी बाँडफाँट गरिएको एकदशक पूरा भए पनि नागरिकले अझैं संघीयताको अनुभूत भने गर्न नपाएको गुनासो आइरहेका बेला प्रदेशका सांसदहरुले पनि संघीयताको अनुभूत हुन नसकेको गुनासो गर्न थालेका छन् ।

राज्यसत्ता र सार्वभौमसत्ताको समेत विभाजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया नै संघीयता भए पनि संघीय सरकारले अधिकार नदिँदा प्रदेशका सांसदहरुले कतै संघीय प्रणाली नै कमजोर बनाउने खेल त होइन भन्ने निष्कर्ष निकाल्न थालेका छन् । गण्डकी प्रदेशसभाअन्तर्गत अर्थ तथा विकास समितिले सुरु गरेको अन्तरप्रदेश अन्तरक्रिया कार्यक्रममा लुम्बिनी प्रदेश र बाग्मती प्रदेशका विकास समितिका सांसदहरुको छलफल, अन्तरक्रियामा संविधानमा उल्लेख गरेको प्रदेशको अधिकार नपाएको गुनासो गरेका हुन् ।

विषयगत विकास समितिहरु संसदको मिनि सभाको रुपमा लिइने गरिन्छ । समितिले दिएका निर्देशन, सुझाव र सल्लाहलाई प्रदेश सरकारले समेत कार्यान्वयन गर्नेमा कठिनाई हुने गरेको दुवै प्रदेशको अन्तरक्रियामा सांसदहरुले बताएका छन् । अन्तरप्रदेश अन्तरक्रियामा संघीयताको विषयमा जनतालाई अनुभूत हुने गरी प्रदेशले काम गर्न सकेन भने संघीयतामा जटिलता थपिने सांसदहरुको भनाइ थियो ।

अन्तरक्रियामा तीनै प्रदेशले आफूहरुले निर्माण गरेका कानुनका विषयमा समेत छलफल गरेका थिए । कानुन बनाउन समयानुकुल र समय सापेक्षलाई हेरेर बनाउनुपर्नेमा तीनै प्रदेशका सांसदहरुले जोड दिएका छन् । प्रदेशलाई कमजोर बनाउन नदिन प्रदेशका सांसद र प्रदेश सरकारको बढी जिम्मेवार हुनुपर्ने गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालको जोड थियो । गण्डकी प्रदेशले बनाएका कानुनका विषयमा सुझाव लिने र अन्य प्रदेशले गरेका राम्रा कानुन र कामलाई अनुसरण गर्ने उद्देश्यले यो भ्रमणको आयोजना गरिएको सभापति अर्यालको भनाइ थियो ।

छलफलमा अधिकांश सांसदहरुले संघीय सरकारले नचिन्ने र स्थानीय सरकारले नगन्ने परिपाटी हुँदा प्रदेश सांसदको खासै भूमिका नभएको हो की भन्ने भ्रम जनतामा परेको गुनासो गरेका थिए । प्रदेश संरचना चाहिन्छ भन्ने, तर हरेक अधिकार र बजेटमा प्रदेशप्रति संघीय सरकारको चासो नरहेको सांसदहरुको भनाइ थियो । तिनैतहको समन्वय नहुँदा प्रदेशमाथि बढी प्रश्न उठ्न थालेको र नागरिकहरुमा प्रदेश खारेजी हुनुपर्छ भन्ने मनोविज्ञान उठिरहेको सांसदहरुले बताएका छन् ।

संघ र प्रदेशमा निर्माण भएका विषयगत समितिहरु अत्यन्तै जिम्मेवार र कानुन निर्माण गर्ने थलोको रुपमा आफूले लिएको लुम्बिनी प्रदेशका कृषि वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले बताए ।

गण्डकी प्रदेश अर्थ तथा विकास समितिले लुम्बिनी प्रदेशको अर्थ, उद्योग तथा पर्यटन विकास समिति, कृषि, वन तथा वातवरण समिति र भौतिक पुर्वाधार तथा विकास समितिका सभापतिसहित सदस्यहरुसँग छलफल गरेको थियो भने बाग्मती प्रदेशको अर्थ तथा विकास समिति र उद्योग, पर्यटन तथा वातावरण समितिका सभापतिसहित सदस्यहरुसँग छलफल गरेको थियो । अन्तरक्रियामा गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सदस्यहरु दिपेन्द्रबहादुर थापा, हरिबहादुर भण्डारी, सीता सुन्दास, बिन्दु पौडेल, अशोक श्रेष्ठ, बाग्मती प्रदेशका सरल सहयात्री पौडेल, बाग्मती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समितिका सदस्य तारानारायण श्रेष्ठ, यमुनादेवी श्रेष्ठलगायतले केन्द्रीय सरकार फेरिंदा प्रदेश सरकार पनि फेरिने गृहकार्यले प्रदेशहरु कमजोर हुने सुझावहरु दिएका थिए ।

त्यसैगरी लुम्बिनी प्रदेशका अर्थ उद्योग तथा पर्यटन समितिका सभापति राजु श्रेष्ठ, बाग्मती प्रदेशका अर्थ तथा विकास समितिका सभापति नुरज बज्राचार्य, उद्योग पर्यटन तथा वातारण समितिका सभापति आनन्दकुमार श्रेष्ठले प्रदेशले अहिलेसम्म गरेका गतिविधिका विषयमा जानकारी गराएका थिए । अझैं पनि राजस्व बाँडफाँट, नदीजन्य उत्खनन्, कर्मचारी खटनपटन, कानुन कार्यान्वयन जस्ता विषयमा अधिकार केन्द्रीकृत हुँदा प्रदेशहरु निरिह बन्नु परेको उनीहरुले गुनासो राखेका थिए ।

अन्तरप्रदेशीय अध्ययन अवलोकन भ्रमणमा निस्केको गण्डकी प्रदेशको अर्थ तथा विकास समितिले लुम्बिनी प्रदेशका दुई विषयगत समिति र बाग्मती प्रदेशका दुई विषयगत समितिसँग अन्तरक्रिया गरेको थियो ।

भ्रमणमा समितिका सदस्य, कर्मचारी, पत्रकारसहित १८ जनाको सहभागिता रहेको थियो । अन्तरप्रदेश अन्तरक्रियाले संघीयतालाई अझैं बलियो बनाउने र कानुनी विषयलाई साझा मुद्दा बनाउन यस्ता भ्रमणले सहज हुने देखिन्छ ।

## सम्पत्ति शुद्धीकरणका शंकास्पद कारोबार ४९ प्रतिशतले वृद्धि

बुटवल । बैंक तथा वित्तीय संस्थाका सम्पत्ति शुद्धीकरणका शंकास्पद कारोबार ४९ प्रतिशत बढेका छन् ।

नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइमा सन् २०२४ मा रिपोर्टिङ भएका शंकास्पद कारोबार संख्या २०२३ को तुलनामा ४९ प्रतिशत बढेको हो ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ बमोजिम सूचक संस्थाहरूले इकाइमा सम्प्रेषण गरेका शंकास्पद कारोबार तथा गतिविधि प्रतिवेदनका अनुसार २०२३ मा ६ हजार २ सय ५५ शंकास्पद कारोबार रहेकोमा २०२४ मा ९ हजार ३ सय ४ पुगेको छ ।

२०२४ मा इकाइले १ हजार ८ सय ९४ प्रतिवेदन विश्लेषण गरेकोमा तीमध्ये १ हजार ८६ वटा प्रतिवेदन थप अनुसन्धानका लागि कानुन कार्यान्वयन गर्ने/अनुसन्धानकारी निकाय तथा नियामकीय कारबाहीका लागि पठाएको छ ।

तीमध्ये ८ सय ८ प्रतिवेदन इकाइले भविष्यमा थप जानकारी प्राप्त भए पुनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गरेको इकाइले जनाएको छ ।

बैंक तथा वित्तीय संस्थाले इकाइमा २०२३ मा १७ लाख ८३ हजार १ सय ८३ सीमा कारोबार विवरण पेस गरेका थिए । २०२४ मा यस्तो संख्या १९ लाख ७२ हजार ८ सय ५५ पुगेको इकाइले जनाएको छ ।

सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी गर्नुपर्ने रिपोर्टिङ गर्ने इकाइको गोएएमएल प्रणालीमा आबद्ध, कानुन कार्यान्वयन गर्ने/अनुसन्धानकारी र नियामक निकायको जम्मा संख्या २०२३ को अन्त्यमा १ हजार ४ सय ९६ रहेकोमा २०२४ को अन्त्यमा १ हजार ९ सय ५ पुगेको छ ।

## गाउँ-गाउँमा आयुर्वेद तथा योग शिक्षा पुऱ्याउँदै रिब्दीकोट




**कृष्ण पोखरेल**
*पाल्पा*

गाउँ-गाउँमा जनजीवन स्वस्थ्य, खानपानमा सुधार गर्न, मानिसलाई निरोगी बनाउन, भएका रोगीहरुलाई निको बनाउन रिब्दीकोट गाउँपालिकाले विद्यालय आयुर्वेद तथा योग शिक्षासम्बन्धी अभियान सुरु गरेको छ । पालुङमैनादी आयुर्वेद औषधालयले दुई वटा विद्यालयका शिक्षकहरुलाई आयुर्वेद तथा योग शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सुरु गरेको छ ।

अभिमुखीकरण कार्यक्रमको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले पालिकावासीलाई स्वस्थ्य निरोगी बनाउन विद्यालयमार्फत् अभियान सुरु गरेको बताए । अहिलेको खानपान, बसाई तथा अल्छीपनको कारण जटिलभन्दा जटिल रोगहरु लाग्दै गएको, उपचारमालाखौ, करोडौ रुपैया खर्च हुने गरेको, उपचार गर्दा गर्दा नत रोग नै ठिक हुने, नत मानिस नै लामो समय बाँच्ने, पैसा र ज्यान दुबै बर्बाद हुने समाजको परिस्थितिलाई बदल्न विद्यालयमार्फत् आयुर्वेद तथा योग शिक्षा अभियान सुरु गरेको पालिका अध्यक्ष कार्कीले बताए ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष दानबहादुर कुवँरले विद्यालयका शिक्षकमार्फत्, विद्यार्थी, विद्यार्थीमार्फत् परिवारसँग जोड्ने गरी पालिकाको आयुर्वेद श्रोत केन्द्रको रुपमा रहेको आयुर्वेद औषधालयमार्फत् विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सुरु गरेको बताए । यस क्षेत्रमा रहेको, जलेश्वर, कालिकागढी र रिङ्सिङ लेकमा भएको जडीबुटी पहिचान गरी उत्पादन, प्रशोधन गरेर प्रयोगमा ल्याउनु पर्नेमा वडा अध्यक्ष कुँवरले जोड दिए ।

कार्यक्रममा पालिका स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारी, आयुर्वेद औषधालयका प्रमुख डा. रमर्स नेपाल, वैध दिनेशराज पनेरुले मानिसले अपनाउनु पर्ने, दैनिक खानपान, आहार विहार, योगअभ्यास, स्थानीयस्तरमा पाइने जडीबुटीको प्रयोगका विषयमा सहजीकरण गरेका छन् । अभिमुखीकरणमा कालीका मावि बतासे, सरस्वती मावि खस्यौलीका १२ जना शिक्षकहरुको सहभागिता रहेको छ । कार्यक्रममा सैद्धान्तिक ज्ञान, स्थलमा योग अभ्यास पनि सिकाइएको छ ।

## कृषि उपकरण पाएपछि किसान खुसी



नेपालगञ्ज । बाँकेको कोहलपुर नगरपालिकामा किसानलाई ५० प्रतिशत अनुदानमा मिनीटिलर र पम्पसेट वितरण गरिएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को विनियोजित बजेटबाट १९ थान मिनीटिलर र ८० थान पम्पसेट वितरण गरिएको कोहलपुर नगरपालिका कृषि शाखाका कृषि प्राविधिक यज्ञबहादुर रोकायले जानकारी दिए ।

कोहलपुर नगरपालिकाका वडा नं. १ देखि वडा नं. १५ सम्मका किसान, कृषि फार्म, कृषक समूह, केही कृषि सहकारीलाई नगरप्रमुख पूर्णप्रसाद आचार्य र उपप्रमुख सङ्गीता सुवेदीले ती सामग्री वितरण गरे ।

त्यसैगरी, साना सिँचाइ प्रवर्द्धन कार्यक्रमअन्तर्गत ८० थान पम्पसेट वितरण गरिएको पनि कृषि प्राविधिक रोकायले जानकारी दिए । एउटा मिनीटिलरको बजारमूल्य रु १९ हजार छभने पम्पसेटको बजारमूल्य रु नौ हजारको हाराहारीमा छ । सो अवसरमा नगरप्रमुख आचार्यले कृषि पेशालाई आधुनिकीकरण गर्नका लागि किसानलाई यान्त्रिकीकरणमा सहयोग गरिएको किसानलाई उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम र बजेट विनियोजन गर्दै आएको बताए ।

उपप्रमुख सुवेदीले किसानको आवश्यकता र मागमा आधारित रहेर कृषि यान्त्रिकीकरणमा नगरपालिकाले सहयोग गरेको र मागमा आधारित योजना कार्यान्वयनमा ल्याइएको उल्लेख गरिन् ।

भेरी ज्येष्ठ नागरिक कृषक समूहका अध्यक्ष मोहन रिजालले नगरपालिकाले अनुदानमा कृषि उपकरण उपलब्ध गराएको जनाउँदै खुसी व्यक्त गरे । उनले कृषि पेशालाई व्यावसायिक बनाउनका लागि मल, बीउबिजन तथा कृषि उपकरणमा नगरपालिकाले सहयोग गर्न आग्रह गरे । यसबाहेक नगरपालिकाले च्याउको बीउ, खाद्यान्न बाली, साना सिँचाइको संरचना निर्माणलगायतमा समेत किसानलाई सहयोग गर्दै आएको छ ।

## निर्माण व्यवसायीको अनुरोध

-पुलमाथी सकभर सिमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।
-सडक तथा पुल हाम्रो साझा सम्पत्ती हो त्यसैले संरक्षण गरौं ।
-सडक छेउछाउ पानी नफालौं, निर्माण सामाग्री थुपार्ने तथा सडक अतिक्रमण गर्ने काम नगरौं ।
-पुलको ५०० मी. तलमाथी दायाबायाबाट ढुंङ्गा, गिट्टी, बालुवा नझिकौं ।
- भवन सडक विमानस्थल,खानेपानी सिचाई, पुल जस्ता सार्वजनिक तथा निजी भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्य तोकिएको समयमा गुणस्तरिय रुपमा सम्पन्न गर्न सक्षम रहेको सहर्ष जानकारी गराउदछौं ।

श्री हरिकुमार श्रेष्ठ
महासचिव

श्री नारायण पोखरेल
अध्यक्ष

निर्माण व्यवसायी संघ गुल्मी
रेसुङ्गा नगरपालिका-८, तम्घास गुल्मी

## हावाहुरीबाट जोगिने उपाय

-घरको संरचना बलियो बनाऔं ।
-हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
-छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं जस्तापातालगायतका सामग्रीहरु खुला र जथाभावी नराखौं ।
-हावाहुरी चलेको बेला भागदौड नगरौं ।
-सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
-पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक बसेर दुवै हाते टाउको छोपी घोप्टो परौं ।
हावाहुरी रोक्न सकिदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौ ।
-फोहोरको उचित व्यवस्थापन गरौं ।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
-अनावश्यक घर बाहिर भिडभाडमा बढी नजाने ।
-खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
-सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
-रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

चेतनाथ गिरी — प्रमुख प्रशासकीय अधिकृत
गंगा श्रेष्ठ — उपप्रमुख
जीवलाल खरेल (जीवन) — नगर प्रमुख

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## मानव बेचबिखनजन्य कार्यहरु

-मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने ।
-मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने ।
-कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने ।
-प्रचलित कानून विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गरौं ।
-बेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम कारबाही हुन्छ ।
यस्तो कार्य भए, गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com